# गोकुलगंगा गाउँपालिका

रस्नालु, रामेछाप

# कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि, २०७७

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति : २०७७/०१/०३

# गोकुलगंगा गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावना :** यस गोकुलगंगा गाउँपालिकाले प्रदान गर्ने सेवाहरु छिटोछरितो वनाई गाउँपालिकाका नागरिकहरुलाई स्थानीय सरकारले प्रदान गर्ने सबै प्रकारका सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीहरुलाइ उत्तरदायी, जवाफदेही र समय सापेक्ष बनाउने उद्देश्यका साथ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ङ) मा उल्लेखित स्थानीय सेवाको व्यबस्थापन सम्बन्धि कार्यलाई पारदर्शिरुपमा कार्यान्वयनमा ल्याउन बाञ्छनिय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र गाउँ कार्यपालिका कार्यसम्पादन नियमावाली २०७४ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यबिधि, २०७७ बनाई लागु गरेको छ ।

यस कार्यविधि गोकुलगंगा गाउँपालिका भित्र लागु हुनेछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो कार्यविधिको नाम कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७७ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ;

(क) “कर्मचारी” भन्नाले गोकुलगंगा गाउँपालिकाको कार्यालय र गाउँपालिका मातहतका वडा कार्यालयहरुमा कार्यरत स्थायि तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्नेछ । साथै सो शब्दले प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवको रुपमा कार्यरत कर्मचारी समेतलाई जनाउनेछ ।

(ख) “गाउँपालिका” भन्नाले गोकुलगंगा गाउंपालिकालाई सम्झनु पर्नेछ ।

(ग) “वडा कार्यालय” भन्नाले गोकुलगंगा गाउँपालिकाको ६ वाटै वडा कार्यालयलाई जनाउनेछ ।

(घ) “वडाध्यक्ष” भन्नाले गोकुलगंगा गाउँपालिकाको वडा नं. १ देखि ६ सम्मका निर्वाचित वडाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “अध्यक्ष” भन्नाले गोकुलगंगा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(च) “उपाध्यक्ष” भन्नाले गोकुलगंगा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गोकुलगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) “प्रोत्साहन भत्ता” भन्नाले गोकुलगंगा गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई तोकिएको समय भन्दा वाहेकको अतिरिक्त समयमा काम गराए वापत गाउँपालिकाले स्थानीय आम्दानीको श्रोतबाट (जलश्रोत रोयल्टी तथा अन्य) व्यहोर्ने गरी दिएको थप सुबिधा सम्झनु पर्दछ । सो वाहेक स्थानीय सेवामा कार्यरत कर्मचारीहरुलाई गाउँपालिकाले प्रदान गरेको अतिरिक्त सुविधा समेतलाई जनाउनेछ ।

३. प्रोत्साहन भत्ता प्रदान गरिने तरिका तथा आधार देहाय बमोजिम हुनेछ ।

(क) वडा कार्यालयमा हाजिर हुने वडा सचिव तथा पुर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुले स्थानीय सरकारको मातहतमा रही कार्यालय समयको अतिरिक्त समयमा समेत काम गर्नुपने भएमा प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

(ख) गाउँपालिकाको कार्यालयमा हाजिर हुने कर्मचारीहरुले बिहान बेलुका तथा बिदाको दिनमा समेत स्थानीय सरकारको तर्फबाट नागरिकहरुलाई सेवा प्रदान गर्नु पर्ने भएकाले त्यस्तो अतिरिक्त समयमा काम गरेमा गाउँपालिकामा हाजिर हुने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

(ग) प्रोत्साहन भत्ताको दर गोकुलगंगा गाउँ कार्यपालिकाको बैठकले तोके बमोजिम हुनेछ ।

(घ) उपदफा (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचरीहरुले अतिरिक्त समय काम गरेको छैन भन्ने लागेमा प्रमुख प्रशासकीय अधिकृतको परामर्शमा गाउँ कार्यपालिकाको बैठकले जुनसुकै बखत आंशिक वा पूर्ण रुपमा प्रोत्साहन भत्ता रोक्का गर्न वा हटाउन सक्नेछ ।

(ङ) गाउँपालिकाको कार्यक्षेत्र भन्दा बाहिर कामकाजको लागि जानु पर्ने अबस्थामा अन्य कुनै निकाय वा कार्यालयले भ्रमण खर्च व्यहोर्ने भनि उल्लेख गरे वाहेकको कामको लागि जानु परेको अबस्थामा प्रदेश कानुनले तोके बमोजिम दैनिक भ्रमण भत्ता प्रदान गर्न बाधा परेको मानिने छैन ।

४. प्रोत्साहन भत्ता भुक्तानीको श्रोत तथा विधि : (क) प्रोत्साहन भत्ता आन्तरिक श्रोतबाट भुक्तानी गरिनेछ । (ख) प्रोत्साहन भत्ताको भुक्तानी सम्बन्धित तहले पाउने आधारभुत स्केलको गणनाको आधारमा प्रति महिना मासिक तलब संग गरिनेछ ।

५. भत्ता भुक्तानीका आधार : कर्मचारीको कार्यक्षमता, कार्यकुशलता, नियमितता र कार्य सम्पादन क्षमतालाई आधार मानिनेछ ।

६. प्रोत्साहन भत्ता प्रदान नगरिने : (क) दफा ३ मा उल्लेख गरिए बाहेकका कर्मचारीहरुको हकमा प्रोत्साहन भत्ता प्रदान गरिने छैन ।

(ख) अन्य कार्यालयको दरबन्दीमा रही काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गरिने छैन ।

(ग) यसै कार्यालयमा रही काम गर्ने तर तलब भत्ता सम्बन्धित कार्यालयलेनै व्यहोर्ने कर्मचारीको हकमा प्रोत्साहन भत्ता प्रदान गरिने छैन ।

(घ) गोकुलगंगा गाउँपालिका वा मातहतको कार्यालयमा दैनीक हाजिर गर्नु नपर्ने कर्मचारीहरुको हकमा यो लागु हुनेछैन ।

(ङ) गोकुलगंगा गाउँपालिका भर कार्यालयको काममा गएवापत अन्य कुनै भत्ता प्रदान गरिने छैन ।

तर गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन समितिका पदाधिकारीहरुले आयोजना तथा कार्यक्रमको अनिवार्य रुपमा अनुगमन गर्नु पर्ने बाध्यकारी व्यबस्था गरिएकोले उक्त योजना तथा कार्यक्रममा अनुगमन गरेवापत प्रति योजना/प्रति व्यक्ति रु. १५००।- का दरले अनुगमन भत्ता प्रदान गर्न बाधा पुग्ने छैन ।

७ यसै कार्यविधि वमोजिम भए/गरेको मानिने : यस कार्यविधि लागु हुनु भन्दा अगाडी कुनै किसिमको प्रोत्साहन भत्ता बा अनुगमन भत्ता वितरण गरिएको भएमा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।